नेपाल सरकार
गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय

भक्तपुर

पत्र संख्या:-०७७/७८
चलानी नं.:- ६६३

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
भक्तपुर

मितिः- २०७७/०५/०३

विषयः जानकारी सम्बन्धमा ।

श्री सबै सरकारी कार्यालयहरू,
भक्तपुर ।

प्रस्तुत विषयमा प्रमुख जिल्ला अधिकारी श्री हुमकला पाण्डेज्यूद्वारा संक्रामक रोग ऐन, २०२० को दफा २ एवं स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम जारी निषेधित आदेश पाना २(दुई) जानकारी एवं आवश्यक कार्यार्थ यसै साथ संलग्न राखि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(यज्ञराज जोशी)
प्रशासकीय अधिकृत

वेभसाइटः daobhaktapur.moha.gov.np ईमेलः daobhaktapur@gmail.com ☎६६१४४३७, ६६१४८०१, ६६१०९०६ 🖷६६१४६०७

नेपाल सरकार
गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय

भक्तपुर

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
भक्तपुर ।

जिल्ला प्रशासन कार्यालय भक्तपुरका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

विश्वव्यापी महामारीको रूपमा फैलिरहेको कोभिड-१९ को संक्रमण काठमाडौं उपत्यका भित्र निरन्तर वढिरहेको छ । यस जिल्लामा सोको रोकथाम तथा नियन्त्रणलाई थप प्रभावकारी वनाउन जरुरी देखिएकोले नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७७/०५/०१ को निर्णय वमोजिम संक्रामक रोग ऐन, २०२० को दफा २ एवं स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) वमोजिम मिति २०७७।०५।०३ गते राति १२:००वजेदेखि २०७७।०५।१० गते राति १२:०० वजे सम्म भक्तपुर जिल्लाभर लागू हुने गरी देहाय वमोजिमका गतिविधिहरू गर्न/गराउन निषेध गरिएको व्यहोरा सम्वन्धित सवैको जानकारीको लागि अनुरोध गरिएको छ।

१. अत्यावश्यक सेवा तथा वस्तु वाहेकका अन्य सवै प्रकारका उद्योग, व्यापार, व्यवसाय सञ्चालन गर्न ।
२. औषधि, खाद्यवस्तु तथा अन्य अत्यावश्यक उपभोग्य वस्तु वा सेवा खरिदको काममा वाहेक कुनै पनि व्यक्ति घरवाट वाहिर निस्कन ।
३. अत्यावश्यक सामग्री लगायतका मालवाहक ढुवानीका सवारी साधन, स्वास्थ्यकर्मी तथा सुरक्षा निकायले प्रयोग गर्ने सवारी साधन वाहेक अन्य सवारी साधन भक्तपुर जिल्लाभित्र प्रवेश गर्न ।
४. जिल्ला भित्र सवै प्रकारका निजी तथा सार्वजनिक यात्रुवाहक सवारीसाधन सञ्चालन गर्न ।
५. कोभिड-१९ को संक्रमणको जोखिम नियन्त्रण, सो को रोकथाम, उपचार तथा व्यवस्थापन सम्वन्धी कार्यमा खटिनु पर्ने र अत्यावश्यक सेवा भनी नतोकिएका तर नियमित सेवा प्रदान गर्नुपर्ने अन्य कार्यालयमा आउन जानपर्ने राष्ट्रसेवक कर्मचारीको हकमा सम्वन्धित कार्यालय वा निकायले न्यूनतम कर्मचारी संख्या निर्धारण गरी कार्यालयले जारी गरेको फोटो सहितको परिचयपत्रको आधारमा सञ्चालन हुने सवारी साधन वाहेकका सवारी साधनहरु सञ्चालन गर्न ।
६. सवारी साधन सञ्चालनको लागि पूर्व अनुमति आवश्यक नपर्ने भनी तोकिएका अत्यावश्यकीय वस्तु वा सेवा अन्तरगत पर्ने औषधि, खाद्यवस्तु, इन्धन, खाना पकाउने ग्याँस, तरकारी, फलफूल, दूध, विद्युत, दूरसञ्चार, सूचना तथा सञ्चार, भन्सार, क्वारेन्टाईन, आइशोलेसन, फोहोरमैला व्यवस्थापन, अस्पताल जाने आउने विरामी, मृत्यु संस्कारका लागि अनिवार्य रूपमा सहभागी हुनुपर्ने कामका लागि प्रयोग गर्ने सवारी साधन जस्ता अति आवश्यक सेवा वाहेकका सवारी साधन सञ्चालन गर्न ।
७. कुनै पनि मेला, महोत्सव, जात्रा सञ्चालन गर्न, मानिसहरू भेला/जम्मा हुन, भिडभाड गर्न, सभा जुलुस गर्न ।
८. परम्परागत रूपमा भई आएको दैनिक रुपमा हुने आन्तरिक नित्य पूजा वाहेकका सम्पूर्ण धार्मिक, सांस्कृतिक गतिविधिहरू सञ्चालन तथा जमघट गर्न ।

२०७७।५।२

हरिकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

Scanned with CamScanner

नेपाल सरकार
गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय

भक्तपुर

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
भक्तपुर

९. शैक्षिक संस्थाहरू, प्रशिक्षण केन्द्रहरू, टियूशन सेन्टर, भाषा कक्षा लगायतका जमघट हुने गतिविधिहरु सञ्चालन गर्न ।

१०. सबै प्रकारका सभा,सम्मेलन, गोष्ठी, तालिम, सेमिनार, सिनेमा हल, पार्टी प्यालेस,सपिङ्ग मल, डिपार्टमेन्टल स्टोर, मनोरञ्जनस्थल, शैलुन, ब्यूटिपार्लर, स्पा, स्वीमिङ्ग पुल, जिमखाना, समूहमा खेलिने खेलकुद, पुस्तकालय, संग्रहालय, चिडियाखाना आदि सञ्चालन गर्न ।

११. फुटपाथ वा खुल्ला ठाउँ तथा ठेलागाडा वा साईकलमा सञ्चालन हुने विभिन्न व्यापार/व्यवसाय सञ्चालन एवं कवाडी संकलन गर्न ।

१२. होटेल, रेष्टुँरा सञ्चालन गर्न, गराउन।

तर,

१३. बैंकिङ्ग सेवा लगायत विभिन्न निकायहरूले भर्चुअल वा विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाउनुपर्नेछ। सो सम्भव नभएमा नेपाल राष्ट्र बैंकले तोकेको संख्यामा सीमित रही आवश्यक सेवा प्रवाह गर्न सक्नेछ ।

१४. अत्यावश्यक कार्यका लागि घर बाहिर निस्कँदा अनिवार्य रुपमा मास्कको प्रयोग तथा न्यूनतम भौतिक दूरी कायम गर्नु पर्नेछ ।

१५. हवाई उडानबाट विदेश जानेहरूको हकमा पासपोर्ट, भिषा, स्वीकृत हवाई टिकट हुनेहरू सिधै एयरपोर्ट जाने सवारी साधनको हकमा सहजीकरण गर्न सकिनेछ ।

साथै,

१६. अत्यावश्यक उपभोग्य वस्तु वा सेवाको आपूर्तिमा कृत्रिम अभाव सिर्जना गर्ने, मूल्यवृद्धि गर्ने जम्माखोरी गर्ने वा लुकाउने वा सहज आपूर्तिमा अवरोध गर्नेहरू उपर कानूनबमोजिम कारबाही हुनेछ ।

१७. यस आदेशको उलंघन गर्ने वा आदेशको पालना गर्ने गराउने कार्यमा अवरोध गर्ने जोसुकै उपर प्रचलित कानूनबमोजिम कारबाही हुनेछ ।

कोभिड-१९ को बढ्दो संक्रमणका कारण समग्र क्षेत्रमा उत्पन्न असहज परिस्थितिका बावजुद यस आदेशको पूर्ण पालना गरी गराई कोभिड-१९ को संक्रमणको जोखिम नियन्त्रण गर्ने यस अभियानमा सदाझैं निरन्तर सहयोग, साथ र सहभागिताको लागि जिल्ला प्रशासन कार्यालय,भक्तपुर सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछु ।

२०७७/१२/१

हुनकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

Scanned with CamScanner